## आमचोक गाउँपालिका,बालंखा,भोजपुरद्वारा प्रकाशित

| |
|---|
| **स्थानीय राजपत्र** |
| **खण्डः ८ संख्याः ६**<br>**गाउँसभाले स्वीकृत मितिः २०८१/१२/१४** |
| **भाग – १**<br>**आमचोक गाउँपालिका** |
| **आमचोक नगर प्रहरी ऐन, २०८१** |
| **प्रमाणीकरण गर्ने**<br>**अशोक राई**<br>**अध्यक्ष**<br>**प्रमाणीकरण मितिः २०८१/१२/१४** |

अशोक राई
अध्यक्ष

# आमचोक नगर प्रहरी ऐन, २०८१

गाउँ सभाबाट स्वीकृत मितिः २०८१/१२/१४

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, गाउँ कार्यपालिकाको निर्णयहरु कार्यन्वयन गर्न, आपतकालिन अवस्थामा उद्दार,राहत तथा पुनस्थापनाको कार्य गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न, छाडा पशु चौपायाको नियण्त्रण सम्वन्धी कार्य गर्न, नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगर प्रहरी सेवाको गठन तथा सञ्चालन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी आमचोक गाउँपालिकाले यो "नगर प्रहरी ऐन, २०८१" बनाई लागू गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम "नगर प्रहरी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन आमचोक गाउँ सभाले स्वीकृत गरी आमचोक राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले आमचोक गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले आमचोक गाउँपालिकाको यस ऐन बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रहरी" भन्नाले आमचोक गाउँपालिकावाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) "अड्डा" भन्नाले आमचोक गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको अड्डालाई सम्झनु पर्दछ ।

(छ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तसम्मको १ वर्षको अवधिलाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले आमचोक गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "गाउँ सभा" भन्नाले आमचोक गाउँपालिकाको सभा सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारद्वारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा आमचोक गाउँपालिकामा कामकाज गर्न खटाइएको अधिकृतलाई सम्झनु पर्दछ ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८१।१२।१४

अशोक राई
अध्यक्ष

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिदिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ठ) "जवान" भन्नाले आमचोक गाउँपालिकाले जवान पदमा नियुक्ती गरेको प्रहरीलाई सम्झनु पर्दछ ।

(ड) "प्रहरी ऐन" भन्नाले गाउँ सभाले स्वीकृत गरेको नगर प्रहरी ऐन, २०८१ लाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः (१)** गाउँपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले स्वीकृत दरवन्दी तेरीज बमोजिम हुनेछ ।

(२) गाउँपालिकामा रहने नगर प्रहरी सेवाको पदपूर्ती करार सेवाबाट मात्र गरिनेछ ।

**४.गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :** (१) नगर प्रहरी कर्मचारीको पद र संख्या देहाय वमोजिम रहनेछन् । पद र संख्या आवश्यकता अनुसार गाउँसभाले संसोधन गर्न सक्नेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक(अ.स.ई) : सहायक स्तर चौथों /कमाण्डर- १ जना

(ख) नगर प्रहरी हवल्दार : सहायक स्तर तेश्रो/सह कमाण्डर- २ जना

(ग) नगर प्रहरी जवान : सहायक स्तर द्वितिय/नगर प्रहरी सहयोगी- ७ जना

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा काम, कर्तव्य, अधिकार र उत्तरदायित्व उल्लेख भएको हुनेछ ।

**५. नगर प्रहरी नियुक्तिः** (१) नगर प्रहरीको नियुक्ती गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँ क्षेत्र भित्र रहेका सुरक्षा निकायको प्रमुख - सदस्य

(ग) गाउँपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्ती गर्दा खुल्ला प्रतियोगिताद्वारा सूचना प्रकाशन गरी छनौट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा महिला तर्फ - ३५% प्रतिशत कोटा निर्धारण गरी गर्नु पर्नेछ ।

(४) नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८१।१२।१४

अशोक राई अध्यक्ष

**६.पदपूर्ति समितिको काम,कर्तव्य र अधिकार :** नगर प्रहरी पदपूर्ति समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(१) पदपूर्तिको लागि संख्याको एकिन गरी कार्यपालिका वैठकमा पेश गर्ने ।

(२) खुल्ला प्रतियोगिताको लागि **अनुसुचि – १** वमोजिमको पाठ्यक्रम निर्धारण गर्ने ।

(३) पदपूर्तिको कार्यतालिका वनाउने ।

(४) पदपूर्तिको लागि **अनुसूचि-२** वमोजिमको विज्ञापन प्रकाशन गर्ने ।

(५) शारीरिक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(६) लिखित परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(७) नियुक्तिको लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(८) पदपूर्ति सम्वन्धि अन्य कार्यहरु गर्ने ।

**७. सूचनाको म्यादः** (१) करार सेवामा पदपूर्ति गर्नको लागि १५ दिनको सूचना गाउँपालिकाको वेभसाइट,सूचना पाटी र फेसवुक पेजमा प्रकाशन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिमको सूचनाको आधारमा उमेदवार हुन चाहने व्यक्तिहरुले **अनुसूचि-३** वमोजिमको दरखास्ट फारम भर्नु पर्नेछ ।

**८. उम्मेदवारको योग्यताः (१)** नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

(क) १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

(ख) सहायक निरीक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र अन्य पदको हकमा एस.एल.सी/एस इ ई वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) प्रचलित कानून बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको,

(ङ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र ।

(च) नेपाली नागरिकता प्रमाणपत्र ।

(छ) पुरुषको हकमा ५० केजि भन्दा माथिको तौल भएको र महिलाको हकमा ४५ केजि भन्दा माथिको तौल भएको ।

(ज) पुरुषको हकमा ५ फिट २ इन्च भन्दा माथि उचाइ भएको र  र महिलाको हकमा ५ फिट भन्दा माथि उचाइ भएको

(झ) उम्मेदवारको छाती नफूल्लाउँदा घटीमा एकतिस ईन्च र फुल्लाउँदा तेत्तिस ईन्च भएको ।

(ञ) उम्मेदवारको आँखा -१.५ वा + १.५ भन्दा बढी कमजोर नभएको ।

(२) माथि जुनसुकै कुरा लखिएको भएता पनि नेपाली सेना,नेपाल प्रहरी र नेपाल शसस्त्र प्रहरी वलवाट अवकास प्राप्त व्यक्तिहरु उमेदवार भएमा ४० वर्षको उमेर हद कायम हुने छ ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८।१२।१८

अशोक राई अध्यक्ष

**९.नियुक्ति गर्ने अधिकारीः** (१)पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त हुने नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले **अनुसुचि-४** वमोजिमको ढाँचामा पद तथा गोपनियताको समथ गराउनु पर्नेछ ।

(३) गाउँपालिकाले विषयगत जिम्मेवारी तोकेको शाखा वा कार्यालय प्रमुख वा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा नगर प्रहरीहरु रहनेछन् ।

**१०. परीक्षणकालः** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परीक्षणकाल रहनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँकार्यपालिले निजलाई सेवावाट अवकास दिन सक्नेछ ।

(२) परिक्षणकाल समाप्त भएको करारका नगर प्रहरीहरुको प्रत्येक आर्थिक वर्षको अन्तमा कार्यसम्पादन मुल्याङ्कन गरिनेछ । कार्यसम्पादनमा ७० अंकभन्दा वढी अंक ल्याउने नगर प्रहरीको करार म्याद १ वर्षको लागि थप गरिनेछ ।

(३) नगर प्रहरीको उमेरको हद ५० वर्षको कायम गरिएको छ । उमेर ५० वर्ष पुगेपछि करारको म्याद थपिने छैन ।

## परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**११. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) गाउँपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकाको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ग) स्थानीय स्तरमा हुने सभा समारोह, भेला तथा जात्रा र चाडपर्वमा आवश्यक सुरक्षाको प्रबन्ध मिलाउने,

(घ) स्थानीय हाटबजार तथा सार्वजनिक स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ङ) गाउँ सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण कार्य गराउने,

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने/गराउने कार्यमा सहयोग गर्ने,

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, धार्मिक तथा सांस्कृतिक सम्पदा र भौतिक पूर्वाधारहरुको संरक्षण र सुरक्षा गर्ने,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने,

(झ) गाउँ क्षेत्रमा राखिएका अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने,

अरुणचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

अशोक राई अध्यक्ष

(ञ) छाडा चौपायाको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ट) मापदण्ड विपरित अनाधिकृत रुपमा निर्माण गर्न लागेका सार्वजनिक सम्पत्तिको अतिक्रमण गरि बन्न लागेका संरचनाहरुको रोक्का तथा नियन्त्रण गर्ने,

(ठ) सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने गरी बजार क्षेत्रमा राखिएका सामाग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने,

(ड) सार्वजनिक जग्गा, बाटो, पुल-पुलेसा, मठ, मन्दिर, दलान, नाला, चौक, पोखरी, चौतारी, खोला मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको सूचना प्राप्त भए कार्यपालिकाको निर्णय वोजिम गर्ने/गराउने,

(ढ) गाउँ क्षेत्रमा अनियमित रुपमा नक्सा पास नगरी र नक्सा पास गरी निर्माण भएको संरचनाहरुको विषयमा कार्यालयले दिएको निर्देशन अनुसार गर्ने,

(ण) जनसंख्यामा प्रतिकूल असर पर्ने, म्याद गुज्रेको वा गुणस्तरहीन खाद्य सामाग्रीहरुको बिक्री वितरण गरेको पाइएमा सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(त) जनसंख्यालाई प्रतिकूल असर पर्ने स्थानमा पशुजन्य वस्तुहरुको बिक्री वितरणमा रोक लगाउने र कसैले प्रचलित कानूनको प्रतिकूल हुने गरी पशु-पन्छीको वध गरेमा तत्काल कारवाहीको लागि गाउँपालिकामा पेश गर्ने,

(थ) गाउँपालिकामा छाडा कुकुरको नियन्त्रण र मृत्यु भएको जीवजन्तुको व्यवस्थापन गर्ने,

(द) गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका व्यापार व्यवसायलाई दर्ता तथा नविकरण सम्बन्धी अनुगमन गरी दर्ता तथा नविकरण गर्न लगाउने,

(ध) गाउँपालिका भित्र प्रचलित कानून वा गाउँपालिकाको अनुमति बेगर राखिएका व्यानर, विज्ञापन, होर्डिङ्ग बोर्ड, पोष्टर, भित्ते लेखन लगायतका सामाग्री हटाउनका लागि गाउँपालिकामा सिफारिस गर्ने,

(न) गाउँपालिकाको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने,

(प) गाउँपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुले प्रचलित कानून बमोजिम मूल्य सूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(फ) गाउँपालिका भित्र संचालनमा रहेका होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, ब्युटीपार्लर लगायतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानून विपरित संचालनमा रहेको पाइएमा कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

(ब) गाउँ क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पदार्थको बिक्री वितरणमा गाउँपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

साल्पासिलिछो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालन्खा, भोजपुर
२०७३

०७११२११४

अशोक राई
अध्यक्ष

(भ) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा अरुलाई बाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने ।

(म) गाउँ क्षेत्रमा आइपर्ने दैवि प्रकोप, महामारी लगायतका कार्यमा तत्काल खटिई आवश्यक रोकथामको व्यवस्था गर्ने ।

(य) गाउँपालिकाले सञ्चालन गरेको विकास निर्माण योजना,मर्मत सम्भार र उत्पादन कार्यमा गाउँपालिकाले खटाए वमोजिम कार्य गर्ने ।

(र) गाउँ कार्यपालिकावाट भएको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने/गराउने ।

**१२. आचरण :** नगरप्रहरीहरुको आचरण देहाय वमोजिम हुनु पर्नेछ ।

**(क) उपहार लिन नहुने :** नगर प्रहरीले गाउँपालिकाको पूर्वस्वीकृति विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुदैन ।

**(ख) चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**(ग) सम्पत्तिको विवरण पेश गर्नु पर्ने :** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण पेश गर्नु पर्ने ।

**(घ)व्यापार व्यवसाय गर्न नहुने :** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

**(ङ)कर्तव्य पालनाको समयमा जानकारीमा आएका कुराहरु अनाधिकृत प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट यस ऐन वमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

**(च)रेडियो वा पत्रिकासंग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै रेडियो वा पत्रपत्रीकामा आफ्नो वास्तविक नाम वा काल्पनिक नामवाट अथवा बेनामी गाउँपालिका सम्वन्धी कुनै लेख प्रकाशित वा प्रसारण गर्नु हुँदैन ।

**(छ) गाउँपालिकाको आलोचना गर्न नहुने :** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिका र गाउँपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नुहुदैन ।

**(ज)निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**(झ) राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

**ञ) समय पालना र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ ।

अशोक राई
अध्यक्ष

**(ट) अनुशासन र आज्ञापालन :** नगर प्रहरी कर्मचारीले अनुशासित भई आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई तत्परताका साथ पालना गर्नु पर्नेछ ।

**(ठ) बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

**(ड)लैंगिक संवेदनशील हुनु पर्ने :** कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशील रहनुपर्नेछ ।

**(ढ)आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्ने :** प्रत्येक नगर प्रहरीले आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्नेछ ।

**(ण)सेवाग्राहीप्रतिको व्यवहार :** नगर प्रहरीले आफ्नो कामसँग सम्वन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

**(त) यातना दिन नहुने :** नगर प्रहरीले कसैलाई पनि यातना दिनु हुँदैन

**(थ)सरकारी कामकाज सम्वन्धी समाचार प्रकाशन गर्नमा प्रतिवन्ध :** कुनै नगर प्रहरीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकाय वा प्रेसलाई उपलव्ध गराउनु हुँदैन र गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाको विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन । तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

**(द)समय पालना र नियमितता :** नगर प्रहरी कर्मचारी निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्नेछ र विदा स्वीकृत नलिई काममा अनुपस्थित हुनु हुदैन ।

**(ध)अनुशासन र आज्ञापालन :** आफू भन्दा माथिको अधिकृतले दिएको आदेश पालना गर्नुपर्ने र उचित आदर देखाउनु पर्नेछ ।

## परिच्छेद - ४
## नगर प्रहरीको सेवा सुविधा

**१३ तालिमको व्यवस्था :** (१) नया नियुक्ती हुने नगर प्रहरी कर्मचारीलाई वढीमा ३० दिनको तालिम दिइ कामकाजमा खटाइनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गाउँपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अग्नी नियन्त्रण,आपतकालिन उद्दार,ट्राफिक व्यवस्थापन, विशिष्ट व्यक्तित्व सुरक्षा ,अतिथी सत्कार,कार्यालय व्यवस्थापनका साथै अन्य आवश्यक तालिमहरु उपलव्ध गराइनेछ ।

(३) एकै पटक नियुक्ति नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउने छ ।

**१४. तलब भत्ताः** (१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिदेखि तलब/भत्ता पाउने छ ।

(२) उपदफा (१) बमोजिमको तलब/भत्ता गाउँ सभाले तोके बमोजिम नेपाल प्रहरीले पाए सरह हुनेछ ।

(३) नियुक्त नगर प्रहरीले मासिक खाइपाइ आएको तलवको एक चौथाई रकम वरावर रासन भत्ता पाउने छ ।

**१५. तलब वृद्धिः** (१) नगर प्रहरी कर्मचारीलाई एक वर्ष सेवा अवधि पुरा गरेपश्चात १ ग्रेड वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको ग्रेड रकम एक दिनको तलवमान वरावर हुनेछ । तर यस्तो तलब वृद्धि बढीमा १० वर्षभन्दा बढी हुनेछैन ।

रामप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

०७।१२।१४

अशोक राई
अध्यक्ष

**१६.पोशाक :** (१) शुरु नियुक्ती हुँदाको वर्ष २ जोड पोशाकको लागि र अन्य वर्षहरुमा वार्षिक १ पटकको लागि नेपाल सरकारले तोके सरह पोशाक भत्ता उपलव्ध गराइनेछ ।

(२) पोशाकको रंग, किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके वमोजिम **अनुसुचि-५** वमोजिम हुनेछ ।

(३) पोशाक साथै नगर प्रहरी सम्वन्धी अन्य लोगो र सामग्रीहरुको व्यवस्था **अनुसूचि-६** वमोजिम हुनेछ ।

**१७.चाडपर्व खर्च :** (१) नगर प्रहरीले आफूले खाइपाइ आएको एक महिना बराबरको तलब वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन् ।

**१८.महंगी भत्ता :** (१) प्रदेश कानुन वमोजिम अन्य कर्मचारीहरुले पाए सरह महंगी भत्ता नगर प्रहरीहरुले पाउनेछन् ।

**१९.फिल्ड भत्ता :** (१) यस ऐनको दफा १४ को उपदफा (३) वमोजिम रासन भत्ता प्राप्त गर्ने नगर प्रहरीहरुलाई फ़िल्डमा खटिए वापत फिल्ड भत्ता उपलव्ध गराइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाको कामकाजमा गाउँपालिका भन्दा वाहिर जानु परेमा कानून वमोजिम भ्रमण भत्ता उपलव्ध गराइनेछ ।

**२०.उपदान :** (१) नगर प्रहरीहरुको सेवा अवधी समाप्त भए पछी वा विचैमा राजिनामा स्वीकृत भएमा पाँच वर्ष माथिको सेवा अवधिको लागि प्रत्येक वर्ष १ महिना वरावरको रकम उपदानको रुपमा प्राप्त गर्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरीको सेवा समय ५ वर्ष भन्दा कम भएमा उपदान र उपचार खर्च प्राप्त गर्ने छैन ।

(३) ५ वर्षभन्दा वढी सेवा अवधी पुगेको तर कार्य सम्पादनमा ७० प्रतिशत भन्दा कम अंक प्राप्त गरी करार म्याद थप नभएमा वा कार्यालयले कानुन वमोजिम नसिहत दिइ वर्खास्त गरेमा सो समय अवधि सम्मको उपदान र उपचार खर्च प्राप्त गर्ने छ ।

**२१. उपचार खर्च:** (१)नगर प्रहरी कर्मचारी कामकाजको सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिमको रकम गाउँपालिकावाट उपचार खर्चवापत दिइनेछ ।

(क) सरकारी अस्पतालमा उपचार गराउँदा लागेको बिल बमोजिमको रकम र मान्यता प्राप्त अस्पतालको चिकित्सकले सिफारिस गरे बमोजिमको औषधी खर्च ।

(ख) सरकारी अस्पतालमा प्लाष्टिक सर्जरी गर्दा लागेको बिल बमोजिमको रकम ।

(२) उपदफा (१) क र ख मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी कर्मचारीलाई सेवा अवधिभरमा १२ महिना वरावरको तलव रकम वरावरको उपचार खर्च दिइनेछ । सेवा अवधिमा उपचार खर्च नलिएमा यसरी उपलब्ध गराइने रकम सेवाबाट अवकाश हुँदाका वखत उपलब्ध गराइने छ ।

रामप्रसाद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३



०८।१२।१४

अशोक राई
अध्यक्ष

(३) झुट्टा विवरण पेश गरी यस ऐन बमोजिम उपचार खर्च माग गरेमा विभागीय कारवाही गरिनेछ । यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत सरकारी बाँकी सरह असुल गरिनेछ ।

**२२.विदा :** (१)नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । कार्यालय प्रमुखले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाइ काममा लगाउन सक्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले देहाय वमोजिमको विदा पाउनेछन् ।

**क) भैपरी आउने र पर्व विदा :**

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष भैपरी र पर्व गरी ६ दिन विदा पाउनेछ ।

(२) पर्व/भैपरी आउने विदा साधारणतः एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) एक आर्थिक वर्षको पर्व/भैपरी आउने विदा अर्को आर्थिक वर्षलाई सञ्चित हुने छैन ।

(४) पर्व/भैपरी विदा बसेका नगर प्रहरी कर्मचारीहरुले पुरा तलब/भत्ता पाउनेछन् ।

(५) पर्व/भैपरी विदा शनिबार बाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**ख) प्रसुती विदा :**

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अवधि पछि ६० दिन प्रसूती विदा पाउनेछन् ।

(२) प्रसूती विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पुरा तलब/भत्ता पाउनेछन् ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

ग) **क्रिया विदा :** नगर प्रहरी कर्मचारीले आफ्नै क्रियामा बस्नु परेमा कुल/धर्म र परम्परागत संस्कार अनुसार बढीमा १५ दिन क्रिया विदा पाउनेछन् । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीलाई पनि दिइनेछ ।

घ) **विरामी विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा ६ दिन विमारी विदा पाउने छ ।

ङ) **घर विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन घरविदा पाउने छ ।

**२३. विदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः (१)** यस ऐन बमोजिम विदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गर्ने नगर प्रहरीलाई सेवाबाट हटाउन सक्नेछ ।

**२४. विदा दिने अधिकारीः** नगर प्रहरीलाई दिने सम्पूर्ण विदाहरु प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछन् ।

**२५. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ ।

**२६. विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताब खडा गरी प्रशासन शाखाले राख्नु पर्नेछ ।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३



०९।१२।१४

अशोक राई
अध्यक्ष

## परिच्छेद - ५
### अनुशासन तथा आचरण

**२७. अनुशासन तथा आचरण :** नगर प्रहरीको अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था निजामती सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**२८. सजाय :** मनासीव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

(क) नसिहत दिने ।

(ख) तलब वृद्धि रोक्का गर्ने ।

(ग) तल्लो तहमा घटुवा गर्ने ।

(घ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट वञ्चित गर्ने ।

**२९. नसिहत दिनेः** (१) दफा १२ र २७ को उलङ्घन गरेमा वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिम आफ्नो काम कर्तव्य पुरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिइनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रक्रिया पुरा गरी सेवाबाट हटाउने छ ।

**३०. ग्रेड रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको ग्रेड रोक्का गर्न सक्नेछ ।

**३१. ग्रेट वृद्धि घटाउनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजको ग्रेड घटुवा गरी सोही घटुवा भएको ग्रेड वमोजिम तलव भत्ता उपलब्ध गराईनेछ ।

(क)सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा ।

(घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन छुट्टा विवरण पेश गरेमा ।

(ङ) गाउँपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण बिना विदा स्वीकृत नगराई विदामा बसेमा ।

(छ) तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा ।

**३२.सेवाबाट हटाउने वा वर्खास्ट गर्ने :** (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा सेवावाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
२०७३

०८।१२।१४

अशोक राई
अध्यक्ष

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बराबर अनुशासनहीन काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिँडेमा,

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसूर गरेमा,

(छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

(ज)आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा,

**३३. सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाई पेश गर्ने आदेश दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीलाई तोकिएको म्यादभित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगरप्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिब नभएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसँग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा आफ्नो सबूत प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

(७) निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलब पाएको भए सो कट्टी गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(८) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३



०८१।१२।१४

अशोक राई
अध्यक्ष

**३४. सजायको आदेश दिनेः** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई स्पष्टीकरण माग गरेकोमा तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा स्पष्टीकरण सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद ५
## कोष व्यवस्थापन

**३५ .कोष :** (१) यस ऐन वमोजिम नगर प्रहरी नियुक्ति,परिचालन र व्यवस्थापनको लागि गाउँपालिकाले एक कोषको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) नगर प्रहरी नियुक्ति, परिचालन र व्यवस्थापन कोष गाउँपालिकाको आन्तरिक श्रोतवाट स्थापना गर्नु पर्नेछ ।

(३) दफा (२) वमोजिमको कोषमा नगर प्रहरी कर्मचारीहरुको उपदान रकम र उपचार खर्च रकम वार्षिक रुपमा जम्मा गर्दै लानु पर्नेछ ।

## परिच्छेद ६
## विविध

**३६. सेवा करार सम्झौताः** (१) यस ऐन मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थायी सेवामा नगर प्रहरी नियुक्ती गरिने छैन ।

(२) उपदफा (१) बमोजिम नियुक्ती गरिने नगर प्रहरी सेवा सुविधा लगायतका विषय गाउँ कार्यपालिकाको निर्णय वमोजिम **अनुसूचि-७** वमोजिमको करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३७. ऐन संशोधनः** यस ऐनको आवश्यक संशोधन तथा थपघट आमचोक गाउँ सभाले गर्न सक्नेछ ।

**३८. नियम तथा कार्यविधि बनाउन सक्नेः** (१) यस ऐन बमोजिम गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

०८।१२।१८
अशोक राई
अध्यक्ष

## अनुसूचि- १
## ऐनको दफा ६ को उपदफा (२) वमोजिम

**पाठ्यक्रम सम्वन्धी व्यवस्था**

| पद | प्रथम द्धितिय चरण प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरुस्ती परिक्षण | तेस्रो चरण लिखित परिक्षा | चौथो चरण व्यक्तिगत अन्तर्वार्ता | कुल पूर्णाङ्क |
|---|---|---|---|---|
| प्र.स.नि. अ.स.ई. | प्रहरी प्रधान कार्यालय काठमाडौको प्रहरी सहायक निरिक्षण पदको खुल्ला प्रतियोगितात्मक परिक्षाका प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरस्ती परिक्षणको पाठ्यक्रम (१०० अंक) | गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम अनुसार (५० अंक वस्तुगत) | ४० अंक | १९० अंक |
| प्रहरी हवल्दार | प्रहरी प्रधान कार्यालय काठमाडौको प्रहरी हवलदार पदको खुल्ला प्रतियोगितात्मक परिक्षाका प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुररती परिक्षणको पाठ्यक्रम (१०० अंक) | गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम अनुसार (५० अंक वस्तुगत) | २० अंक | १७० अंक |
| प्रहरी जवान | प्रहरी प्रधान कार्यालय काठमाडौको प्रहरी जवान पदको खुल्ला प्रतियोगितात्मक परिक्षाका प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरस्ती परिक्षणको पाठ्यक्रम (१०० अंक) | गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम अनुसार (५० अंक वस्तुगत) | २० अंक | १७० अंक |

नगर प्रहरी सहायक निरिक्षक (अ.स.ई.) लागि लिखित परीक्षाको स्वीकृत पाठ्यक्रम

पुर्णाङ्कः ५० उत्रिणः २०

| क्र.सं. | पाठ्यक्रमको विषय | प्रश्न संख्या (वस्तुगत) | अङ्कभार | समय |
|---|---|---|---|---|
| १ | नेपालको संविधान,२०७२ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| २ | नगर प्रहरी ऐन, २०८१ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| ३ | सामान्य ज्ञान (नेपाल भित्रको) | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| ४ | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| ५ | भ्रष्ट्रचार निवारण ऐन, २०५९ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| | **कुल पुर्णाङ्क** | | **५०** | **३० मिनेट** |

नगर प्रहरी हवल्दार पदको लिखित परिक्षाको स्वीकृत पाठ्यक्रम

पुर्णाङ्कः ५०, उत्रिणः २०

| क्र.सं. | पाठ्यक्रमको विषय | प्रश्न संख्या (वस्तुगत) | अङ्कभार | समय |
|---|---|---|---|---|
| १ | सामान्य ज्ञान (नेपाल भित्रको) | १० प्रश्न *२ अंक | २० | १२ मिनेट |
| २ | नगर प्रहरी ऐन, २०८१ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| ३ | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| ४ | भ्रष्ट्रचार निवारण ऐन, २०५९ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| | **कुल पुर्णाङ्क** | | ५० | ३० मिनेट |

नगर प्रहरी जवान पदको लिखित परिक्षाको स्वीकृत पाठ्यक्रम

पुर्णाङ्कः ५०, उत्रिणः २०

| क्र.सं. | पाठ्यक्रमको विषय | प्रश्न संख्या (वस्तुगत) | अङ्कभार | समय |
|---|---|---|---|---|
| १ | सामान्य ज्ञान (नेपाल भित्रको) | १० प्रश्न *२ अंक | २० | १२ मिनेट |
| २ | नगर प्रहरी ऐन, २०८१ | ५ प्रश्न *२ अंक | १० | ६ मिनेट |
| ३ | नेपालको संविधान, २०७२ | १० प्रश्न *२ अंक | २० | १२ मिनेट |
| | **कुल पुर्णाङ्क** | | **५०** | **३० मिनेट** |

अशोक राई
अध्यक्ष

## अनुसूचि- २

### ऐनको दफा ६ को उपदफा (४) वमोजिम

### नगर प्रहरी करारमा लिने विज्ञापनको ढाँचा

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाकोकार्यालय,
बालंखा,भोजपुर

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना**

**सुचना प्रकाशन मितिः(............................**

आमचोक गाउँपालिकाको प्रशासन शाखा अन्तरगत रहने गरी देहायका पद,संख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फारम, दरखास्त दस्तुर,कार्यविवरण, पारिश्रमिक र सेवाको शर्तहरु सहितको विस्तृत विवरण कार्यालयवाट वा कार्यालयको वेवसाइट........वाट उपलब्ध हुनेछ ।

**१) पद संख्या**

| पदको नाम | वि.नं. | माग संख्या | |
|---|---|---|---|
| नगर प्रहरी साहायक निरिक्षक | खुल्ला (वि.नं. ... | महिला वा पुरुष -१ जना | |
| नगर प्रहरी हवल्दार | खुल्ला (वि.नं. ... | पुरुष- | महिला- |
| नगर प्रहरी जवान | खुल्ला (वि.नं. ... | पुरुष- | महिला- |

**२) योग्यता**

**(क)नगर प्रहरी सहायक निरिक्षकको लागि :**

(अ)दरखास्त आह्वान भएको अन्तिम म्यादसम्म घटीमा १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको,
(आ)मान्यता प्राप्त विश्व विद्यालयवाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) पुरुषको लागि भटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको
(उ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,
(ऊ) आँखा माइनस १.५ वा प्लस १.५ भन्दा वढी कम्जोड नभएको,
(ऋ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,
(ए) नेपाली नागरिक्ताको प्रमाणपत्र पाएको ,

**(ख) नगर प्रहरी हवल्दारको लागि :**

(अ)दरखास्त आह्वान भएको अन्तिम म्यादसम्म घटीमा १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको,
(आ)मान्यता प्राप्त विश्व विद्यालयवाट एस इ ई वा सो सरह उत्तिर्ण गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) पुरुषको लागि भटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको,
(उ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,
(ऊ) आँखा माइनस १.५ वा प्लस १.५ भन्दा वढी कम्जोड नभएको,
(ऋ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,
(ए) नेपाली नागरिक्ताको प्रमाणपत्र पाएको ,

**(ग) नगर प्रहरी जवानको लागि :**

(अ)दरखास्त आह्वान भएको अन्तिम म्यादसम्म घटीमा १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको,
(आ)मान्यता प्राप्त विश्व विद्यालयवाट एस ई ई वा सो सरह उत्तिर्ण गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

अशोक राई अध्यक्ष

०७१।१२।१४

(ई) पुरुषको लागि भटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको,
(उ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,
(ऊ) आँखा माइनस १.५ वा प्लस १.५ भन्दा वढी कम्जोड नभएको,
(ऋ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,
(ए) नेपाली नागरिक्ताको प्रमाणपत्र पाएको ,

**३)दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु**

उम्मेदवारको व्यक्तिगत विवरण ,शैक्षिक योग्यता(लब्धाङ्क र चारित्रिक) प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । प्रतिलिपिको पछाडी उम्मेदवार स्वायंमले हस्ताक्षर गरी प्रमाणीत गर्नु पर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट सेवा गरेको अनुभव पत्र दरखास्त सँगै पेश गर्नु पर्नेछ ।

**४) परिक्षाको किसिम :** शारीरिक परिक्षण,लिखित र अन्तरवार्ता ।
**५) परिक्षा केन्द्र :** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
**६) दरखास्त दस्तुर :** पदपुर्ती समितिले निर्धारण गरे बमोजिम ।
**७) तलब स्केल :** गाउँ कार्यपालिकाले तोके वमोजिम हुनेछ ।
**८) प्राथमिक्ता :** गाउँपालिकाको स्थानीय उम्मेदवारलाई पहिलो प्राथमिक्ता दिइनेछ ।

साल्पासिलिछो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष

०८१।१२।१४

अनुसूचि- ३

**ऐनको दफा ७ को उपदफा (२) वमोजिम**

**दरखास्त फारमको ढाँचा**

आमचोक गाउँपालिका

बालंखाभोजपुर,

हालसाले खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ

करार सेवाको लागि दरखास्त फारम

दरखास्त फारमको भर्ना चाहेको पद :

विज्ञापन नम्बर :

फारम पेश गरेको कार्यालय :

**(क) वैयक्तिक विवरण**

| | | | | |
|---|---|---|---|---|
| वैयक्तिक विवरण | नाम थर | (देवनागरीमा) | | |
| | | अंग्रेजी ठूलो अक्षरमा | | लिङ्ग |
| | नागरिकता नः | | जारी गर्ने जिल्लाः | जारी मितिः |
| स्थायी ठेगाना | (क) जिल्लाः | | (ख) गा.पाः | (ग) वडा नं. |
| | (घ)टोलः | | (ङ)मार्ग/घर नं. | (च) फोन नं/मोबाइल नं |
| पत्राचार गर्ने ठेगानाः | | | | ईमेलः |
| बावुको नाम,थरः | | | जन्म मितिः (वि.सं.मा) (ईस्वि सवंतमा) | |
| बाजेको नाम, थरः | | | हालको उमेरः वर्ष महिना | |

**(ख) तालिम/शैक्षिक योग्यता**

दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने

| आवश्यक न्युनतम योग्यता | विश्वविधालय/वोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणि/प्रतिशत | मूल निकाय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

अशोक राई

अध्यक्ष

(ग) अनुभव सम्वन्धी विवरण

| कार्यालय | पद | सेवा/समुह/ उपसमुह | श्रेणी/ तह | स्थायी/अस्थायी/ करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पुर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु र बुझाउने छु । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानुन तथा यस दरखास्त फारमका पृष्ठहरुमा उललेखित सबै शर्तहरु तथा नियमहरु पालनना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरुपूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्ण सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत र मिति |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |
| कार्यालयले भर्ने: | | |
| रसिद/भौचर नं. | | रोल नः |
| दरखास्त अस्वीकृत भए सो को कारणः | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः | | प्रांणित गर्नेको नाम र दस्तखतः |

द्रष्टव्यःदर्खास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपालि नागरिकताको प्रममाण प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

अशोक राई अध्यक्ष

०७१।१२।१४

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
नगर प्रहरी परिक्षा प्रवेशपत्र

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृयि देखिने फोटो यहाँ टाष्ने र फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु

(..................................पदको खुल्ला प्रतियोगितात्मक परिक्षाको लागि)

(क) विज्ञापन मितिः
(ख) विज्ञापन नः
(ग) दर्ता,नम्बरः
(घ) नाम,थर र ठेगानाः
(ङ) उमेरः
(च) श्रेणी,तहः
(छ) उम्मेदवारको दस्तखत नमूनाः

**भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्नेः**

यस कार्यालयबाट लिईने उक्त पदको परिक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्ने छ ।

परिक्षा केन्द्रः
रोल नं. :

............
अधिकृतको दस्तखत
मितिः

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष
०८१।१२।१४

## अनुसूचि- ४

## ऐनको दफा ९ को उपदफा (२) वमोजिम

### शपथ ग्रहणको ढाँचा

म इश्वरको नाम्मा सपथ लिन्छुकी म ..........आमचोक गाउँपालिकाको नगर प्रहरीको हैसियतमा मेरो ज्ञान र विवेकले जाने वुझेसम्म स्थानीय सरकार प्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही प्रचलित कानुनको ब्यवस्थाको अधिनमा रही आफ्नो कर्तब्यको पालना गर्नेछु । मलाइ ज्ञात हुन आएको कुनै सरकारी गोप्य कुरा अधिकृत ब्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

सपथग्रहण गर्ने
नामः
पदः
तहः
हस्ताक्षरः
मितिः

सपथग्रहण गराउने
नामः
पदः
तहः
कार्यालय
हस्ताक्षरः
मितिः

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष

०८।१२।१४

## अनुसूचि-५

## ऐनको दफा १६ को उपदफा (२) वमोजिम

### पोशाक सम्बन्धी व्यवस्था

| क्र.सं. | विवरण | थान | रङ्ग |
|---|---|---|---|
| १ | सर्ट | १ | गाढा हरियो |
| २ | पेन्ट | १ | गाढा हरियो |
| ३ | स्विटर | १ | गाढा हरियो |
| ४ | बेल्ट | १ | गाढा हरियो |
| ५ | जुत्ता | १ जोडी | कालो |
| ६ | क्याप | १ | गाढा हरियो |
| ७ | डौरी सहितको सिट्टी | १ | रातो धागोको डोरी |

## अनुसूची-६

## ऐनको दफा १६ को उपदफा (३) वमोजिम

### <u>दर्जानी चिन्ह सम्वन्धी व्यवस्था</u>

| क्र.सं. | विवरण | थान | रङ्ग |
|---|---|---|---|
| १ | नगर प्रहरी लेखिएको पाखुरामा १ लगाउने ब्याज कपडाको | १ | आधारमा दुई समकोण भएको पञ्चभुज आकारमा वरिपरि रातो बित भएको, बिचमा हरियो रङको पृष्ठभूमिमा सेतो रङ्गले आमचोक गाउँपालिका नगर प्रहरी लेखिएको पित्तलको अक्षर "नगर प्रहरी" |
| २ | कुममा लगाउने | २ | पित्तलको अक्षर "नगर प्रहरी" |
| ३ | छातिमा लगाउने | १ | खागी कपडाको प्लेट बनाइ ब्राउन कलरले नाम लेख्ने |
| ४ | कडा बाँसको डण्डा | १ | लम्बाइ ३ फिट |

नगर प्रहरीको दर्जानी चिन्ह

- नगर प्रहरी सहायक निरिक्षकको लागि एक तारा हुनेछ ।
- नगर प्रहरी हवलदारको लागि कुम्मा तीन धर्के फिता हुनेछ ।
- नगर प्रहरी जवानको लागि कुम्मा रिवनको फिता हुनेछ ।

अशोक राई
अध्यक्ष

## अनुसूचि- ७

## ऐनको दफा ३६ को उपदफा (२) वमोजिम

**करार सम्झौताको ढाँचा**

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा , भोजपुर

**करार सम्झौता**

आमचोक गाउँपालिकाको कार्यालय र (यसपछि पहिलो पक्ष भनिएको) जिल्ला....नगरपालिका/गाउँपालिका.....,वडा नं....बस्ने श्री.......संग गाउँकार्यपालिकाको मिति....को निर्णय अनुसार देहायका कार्य शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक एक प्रति आपसमा वुझि लियौं/ दियौं ।

**१) कामकाज सम्वन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समयमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यक्तानुसार थप काम गर्नु पर्नेछ।

**२)काम गर्नु पर्ने स्थान :** आमचोक गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र ।

**३)करारमा काम गरेवापत पाउने पारिश्रमिक तथा सेवा सुविधा :** प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रुपमा रु..(अक्षेरुपी रु...)पारिश्रमिक उपलब्ध गराउनेछ । अन्य सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४)आचरणको पालना :** दोस्रो पक्षलेआमचोक गाउँपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

**५) विदा :** सेवा करारमा नियुक्त नगर प्रहरीले अधिकारको रुपमा विदाको दावि गर्न पाउने छैन् । कामको अनुकुल हेरि विदा दिने अधिकारीले आफ्नो तजबिजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ। साथै कार्यलयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य विदाको हकनमा भने कार्यपालिकाले तोके बमोजिम हुनु पर्नेछ ।

**६) कार्यालयको सम्पतिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पतिको नोक्सानि वा हिनमिना गरेमा सो को क्षतिपुर्ति वा हानि नोक्सानिको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

**७) गोप्यता :** दोस्रो पक्षले कार्यालयको जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा संस्थालाई उपलव्ध गराएको प्रमाणीत भएमा दोश्रो पक्षलाई करारवाट हटाई हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचिमा समेत राखी कानून बमोजिम कारबाहि गरिनेछ ।

**८)करार अवधि :** करार अवधि मिति....देखि लागु भई मिति......सम्मको लागि हुनेछ ।

**९) कार्यसम्पादन मुल्याङ्कन :** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मुल्यांकन गर्ने र सो मुल्यांकन गर्दा सालवसालि निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको बमोजिमको करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालखा, भोजपुर
२०७३



अशोक राई
अध्यक्ष
०८।१२।१४

**१०)पारिश्रमिक कट्टि र करार सेवाको शर्तको अन्त्य :** दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा वढी उक्त सेवा उपलव्ध नगराएमा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा वढि सेवा नगरेमा स्वत: यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धि कुराहरु बराबर उल्लघंन गरेमा पहिलो पक्षले करार संझौता रद्द गर्न सक्नेछ। र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काममा लगाउनु वाधा पर्ने छैन ।

**११) दावि नपुग्ने :** दोस्रो पक्षले करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा स्थायी नियुक्ति हुनका लागि दावि गर्न पाउँने छैन र गर्ने छैन् ।

**१२) प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएकौ विषयहरु प्रचलित कानून वमोजिम हुनेछ ।

आमचोक गाउँपालिकाको तर्फबाटः

हस्ताक्षरः

नामः

पदः

मितिः

कार्यालयको छापः

दोस्रो पक्ष (करार गर्ने व्यक्ति)

हस्ताक्षरः

नामः

ठेगानाः

मितिः

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

अशोक राई अध्यक्ष

०८९१५२१९४

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा,भोजपुर

प.सं.
च.नं.

मितिः

विषयः **<u>करार सेवामा नियुक्ती सम्बन्धमा</u>**

श्री,............................................
।............................................

तपाईलाई मिति ..............को निर्णय अनुसार सूचिकरण गरिए वमोजिम.............. पदको कामको लागि यसै पत्रसाथ संलग्न सम्झौता वमोजिम आजैको मितिदेखि..............मिति सम्म करारमा राखिएको हुदाँ संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारिपूर्वक र व्यावसायिक मुल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस आमचोक गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालन गर्नुहुन जानकारी गराईन्छ ।

.....................................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिरि र Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनुहुन ।
श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।
श्री वडा कार्यालय...........................................,आमचोक गाउँपालिकाको कार्यालय ।

**अशोक राई**
**अध्यक्ष**
**आमचोक गाउँपालिका,बालंखा,भोजपुर**

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष

०८१।१२।१४